Vol. 9, No. 2, 2023 (December) 86–91
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# बैष्णव धर्ममा अवतारवाद

**सुशीलकुमार अधिकारी**
संस्कृति विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

Email: sushiladhikari2024@gmail.com

## लेखसार

प्रस्तुत लेख बैष्णव धर्ममा अवतारवाद सम्बद्ध समस्यामा केन्द्रित छ भने यसको समाधान अमानुष अवतार, मानुष अवतार र मनुष्यको देवत्वकरणका आधारमा भएको छ । यो लेख गुणात्मक अनुसन्धान विधि र पुस्तकालयबाट सङ्कलित द्वितीयक सामग्रीका आधारमा विश्लेषण र अर्थापन भएको छ । सनातन संस्कृतिको आवरणमा रहेको हिन्दूधर्मको एक सम्प्रदाय वा धार्मिक समूह बैष्णव हो । भगवान् विष्णुलाई शक्तिशाली, पालन र तारणहारको प्रतिबिम्बका रूपमा स्थापित गरी यसैका विभिन्न समयमा विभिन्न अवतारको परिकल्पना गरी मानव उद्धार र मोक्षको कारकका रूपमा निर्माण भएका भाष्यमा अवतारवादको विशेष चर्चा भएको छ । अवतारको पृथ्वीमा अवतरण हुनुको तात्पर्य धर्मको रक्षा रहेको विषयलाई प्राथमिकतापूर्वक व्याख्या गर्ने हिन्दूग्रन्थमा अवतारमा विविधता रहे पनि बैष्णव धर्मले भने मत्स्य, कुर्म, बराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण र बुद्धको अवतार अवतरित भई धर्म रक्षा गरिसकेको भाष्य निर्माण गरेका छन् । हिन्दू धर्मले स्वीकार गरेका सबै देवताले पृथ्वीमा अवतार धारण गरेको विषय पौराणिक साहित्यले विवेचना गरे पनि विष्णुकै अवतारमात्र केन्द्रीय विषय बनेको अवतारवादमा दशौं अवतार अवतीर्ण हुन बाँकी रहेको तथा त्यसको नाम कल्की रहेको विषय प्रस्तुत भएको यस लेखमा बैष्णव धर्ममा अवतार र अवतारवादको विषयमा भएका अवधारणामाथि विमर्श भएको छ ।

**शब्दकुञ्जी:**
अमानुष अवतार, मानुष अवतार, मनुष्यको देवत्वकरण, हिन्दूधर्म, सनातन

**Article information**
Manuscript received: June 2, 2023; Accepted: December 5, 2023
DOI https://doi.org/10.3126/jki.v9i2.55318
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## १. विषयप्रवेश

बैष्णव धर्म सनातन हिन्दूधर्मको एक सम्प्रदायका रूपमा आदि कालदेखि वर्तमानसम्म अविच्छिन्न क्रियाशील छ भने हिन्दूधर्मलाई संस्कृतीकरण गर्ने आदि ग्रन्थदेखि नै यसका विषयमा विमर्श भएको छ । आर्यावर्त भूमि मानिने अधिकतर क्षेत्रमा बैष्णव धर्म र यसका अवतारसम्बन्धी ज्ञानको अनुकरण भइआएको छ । हिन्दूसंस्कृतिको विविधता र विराट्तामा विद्यमान बैष्णव धर्ममा भगवान् अवतारको रूपमा पृथ्वीमा अवतरण भई तारणहार अर्थात् अनिष्ठबाट रक्षा गरी धर्मको सुरक्षा गर्दछन् भन्ने विश्वास अभिव्यक्त भएको छ । भगवान् पृथ्वीमा अवतरण हुनु वा विभिन्न स्वरूपमा आउनुको तात्पर्यमा अवतार, अवतारदर्शन र अवतारवादको विषय विश्वासका रूपमा स्थापित छ । बैष्णव धर्म र यससम्बन्धी विषयको विवेचना भएका भाष्यमा हिन्दूसंस्कृतिमा पूज्य रहेका देवताको अमानुष र मानुष योनीमा पुनर्जन्म हुनु वा अवतरण हुने विषयको सार तथा बृहत् विवेचना भएको छ । देवताको पृथ्वीमा अवतरण भई तिनले निर्वाह गर्ने भूमिका नै अवतार तथा यस विषयमा निर्माण भएको भाष्य अवतारवादका रूपमा व्याख्या भएका छन् । हिन्दूसंस्कृतिमा उल्लेख भएका देवीदेवताको अवतारका विषयमा प्राचीन भाष्य वेदबाट आरम्भ भएको परिचर्चाको क्रम वेदपूर्वका श्रुति तथा पछिका ब्राह्मण, आरण्यक, उपनिषद्, पुराण, तथा तिनका विषयको पुनर्निर्माण भई रचना भएका कलात्मक साहित्यसम्म पनि बिस्तार हुनुले यस विषयको ज्ञमामीमांसाको प्राचीनतालाई पुष्टि गर्दछन् । हिन्दूसंस्कृतिको एक अंश मानिने वैष्णव धर्म तथा यसका सम्बन्धमा निर्माण भएका भाष्यमध्ये प्राचीन वैदिक ग्रन्थमा विष्णुका ४८ अवतारको परिचर्चा भएको छ भने कुनै सन्दर्भमा २४ तथा पूर्ण अवतारका रूपमा दशावतारको विवेचना भएको छ । मूलभूत रूपमा दशावतारअन्तर्गत मत्स्य, कुर्म, बराह, नृसिंह, वामन, पर्शुराम, राम, कृष्ण, बुद्ध र कल्कीलाई पूर्ण अवतार मान्ने भाष्यमा नारायण, ब्रह्मा, सनतकुमार, बटनारायण, कपिल, दत्तात्रेय, सुयज्ञ, हयग्रीव, ऋषभ, पृथु, मोहिनी, हंस, धन्वन्तरी, वेदव्यास,

बलरामजस्ता अंशावतारको पनि विशेष विवेचना भएकै छ । वैष्णव ग्रन्थले भगवान् विष्णुका नौ अवतार भइसकेको तथा कल्की अवतार चार युगमध्ये कलीयुगको अन्तिम अवतारका रूपमा अवतीर्ण हुन बाँकी रहेको विषयलाई यस विषयसम्बद्ध भाष्यमा उल्लेख गरेका छन् ।

वैष्णव धर्म र यसको विषयमा लेखिएका भाष्यमा अवतारवाद र तद्विषयक परिचर्चाका क्रममा उल्लेख भएका विषयका सम्बन्धमा भएका पूर्वाध्यायनले पनि यस विषयको पुष्टि गर्दछन् । अवतारका विषयमा भएका पूर्वाध्यायनका अधिकतर अध्ययनको निष्कर्ष पनि मुख्य अवतार भगवान् विष्णुको भई उसको सहायताका लागि अन्य देवताले पनि अवतार लिने तथ्यमाथि विमर्श भएको छ । ओमप्रकाश (सन् १९७३) को प्राचीन भारतका इतिहास शीर्षकको पुस्तकमा वैष्णव धर्ममा अवतार र यससम्बन्धी विषयको चर्चा ईसापूर्व केही शताब्दी अघिबाट भएको विषयमा विमर्श प्रस्तुत छ । बासु बराल (२०५०) को हिन्दू सामाजिक संगठनको प्रारूप शीर्षकको पुस्तकमा वैदिक कालको मुख्य धर्मका रूपमा वैष्णव धर्मलाई स्थापित गरी विष्णुको सर्वोच्चताका अन्तर्यमा विष्णुकै छ मुख्य तथा १६ अंशावतार रहेको विषयमा विमर्श भएको छ । गणेश क्षेत्री र सोमप्रसाद खतिवडा (२०५४) को हिन्दू समाज र धर्म शीर्षकको पुस्तकमा वैष्णव धर्ममा ज्ञान र तत्त्वमीमांसाका साथै धर्मको परिभाषाभित्र पर्ने विषयको रक्षा र त्यसको विरोधी आचरणको अन्त्यका लागि विष्णुको अवतार भएको विषयमा विवेचना गरेको छ । जयशङ्कर मिश्र (सन् २००१) को प्राचीन भारतका सामाजिक इतिहास शीर्षकको पुस्तकमा वैष्णव धर्मको उत्पत्ति र विकाशको विमर्शका क्रममा यसमा अवतार र अवतारवादसम्बन्धी भाष्यको प्रस्तुति भएको विषयमा विमर्श भएको छ । सोमप्रसाद खतिवडा (२०७४)को नेपाली संस्कृति विश्वकोश शीर्षक पुस्तकमा वैष्णव धर्ममा दशअवतारको विषयमा विमर्श भएको छ । दुर्गाप्रसाद दवाडी (२०७६) को वैदिक संस्कृतिमा राष्ट्रवाद विषयक पुस्तकमा आर्यहरूले परिस्थितिजन्य घटनाक्रमबाट विभिन्न देवताको परिकल्पना गरेको तथा तिनको भूमिकालाई बिस्तार गर्न अवतारवादको परिकल्पना गरी अनेक अवतारको परिकल्पना गरेको अवधारणा प्रस्तुत भएको छ ।

हिन्दूसंस्कृति र त्यसको विराटताभित्र वैष्णव धर्मको विश्लेषणका क्रममा विवेचना भएका अवतार र अवतारवादका सम्बन्धमा भएका यी अध्ययनमा यस विषयका सम्बन्धमा विमर्श भए पनि ती स्वतन्त्र प्राज्ञिक लेखसम्बद्ध प्रयोजनका लागि नभई धर्म र संस्कृतिको विशद् व्याख्याका क्रममा भएका छन् । यस लेखमा वैष्णव धर्ममा अवतारवादको विषयमा रिक्त रहेको छुट्टै लेखको आवश्यकता र त्यसको परिपूर्ति हुने भएकाले तद्विषयक अध्येता एवम् पाठकका लागि पूरक सामग्री रहने औचित्यको पुष्टि हुन्छ भने यही रिक्ततापूर्तिसँग सम्बन्धित समस्या र तिनको समाधानकेन्द्री विमर्शमा यो लेख तयार भएको छ । हिन्दू धार्मिक परम्परा अवतारबाट प्रभाव बिस्तार गर्ने र क्षेत्र ओगट्ने मनसायमा केन्द्रित देखिन्छ । वास्तवमा अवतार भन्नाले भगवान वा ईश्वरले आफ्नो रूप परिवर्तन गरेको भन्ने बुझिन्छ । कुनै विशेष अवस्थामा कुनै निश्चित कार्य सम्पन्न गर्नका लागि ईश्वरले बेग्लाबेग्लै रूप लिएर पृथ्वीमा जन्म लिन्छन् भने विश्वास अवतारवादका अनुयायीहरूको रहेको हुन्छ भने यो विषय बैष्णव धर्मको मुख्य दाबीको विषय हो । वैष्णव धर्ममा अवतारवादका सम्बन्धमा रहेका अभिमतको संश्लेषण गर्ने यस लेखमा उपर्युक्त समस्याको समाधानका लागि निम्न शोध्यप्रश्न निर्धारण भएका छन् । १. बैष्णव धर्ममा अमानुष अवतारको विवेचना केकस्तो छ ? २. मानुष अवतार कसरी विवेचना भएको छ ? ३. मानवीय चरित्रलाई किन अवतार मानिएको छ ? उपर्युक्त शोध्यप्रश्नका आधारमा बैष्णवधर्ममा अवतारवादमा विमर्श गरी प्राज्ञिक समाधान खोज्नु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययन र विश्लेषणविधि

प्रस्तुत अध्ययनका लागि द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीको स्रोत पुस्तकालय हो भने विश्लेषणका लागि गुणात्मक अनुसन्धान विधिको उपयोग भएको छ । यस लेखमा हिन्दूसंस्कृतिअन्तर्गत बैष्णव धर्म र यसमा निहित अवतारवादको विश्लेषण र अर्थापन भएको छ । अवतार के हो, अवतारवादको विषय कसरी स्थापित भयो तथा त्यसलाई बैष्णव धर्मले अङ्गीकार गरी भाष्य तथा सांस्कृतिक विश्वासका रूपमा स्थापित गरेको विषयमा विमर्शका लागि यस लेखमा विश्लेषणात्मक विधिको उपयोग भएको छ ।

धर्म संस्कृतिको विस्तृत आवरणको एक अंश हो भने यो संस्कृतिको बृहत्तर ज्ञानमीमांसालाई प्रस्तुत गर्ने भाष्य हो । संस्कृति संस्कृत भाषाबाट आएको तत्सम शब्द हो भने मान्छेले दैनिक व्यवाहारिकजन्य अनुभवबाट प्राप्त चेतनाको उपयोग गरी स्वअनुशासन निर्माणका लागि निर्माण गरेको सामाजिक प्रक्रिया हो । यो मानव जीवनपद्धतिसँग निरन्तरको अन्तक्रिया र तत्जन्य सामाजिक व्यवहारबाट निर्माण भई मानव जातिकै लागि अनुशासनको दायरामा ल्याउने अभ्यास पनि हो । मानव सभ्यतासँग जोडिएर आउने भौतिक, अभौतिक पक्षको संश्लेषित पक्ष र त्यसले निर्देशित गर्ने अनुशासित र व्यवस्थित जीवनपद्धतिलाई संस्कृतिअन्तर्गत राखिन्छ भने धर्मले यसको एक शाखाको भूमिका निर्वाह गर्दछ (अधिकारी, २०७४, पृ. १०) । संस्कृति वैयक्तिक वस्तु नभई भावनात्मक रूपमा जोडिएका समुदायका सदस्य र तिनले गर्ने सामाजिक व्यवहारबाट निसिद्ध वस्तुका रूपमा समाजले ग्रहण गरेको विधि वा पद्धतिको नियमित व्यवस्थाका रूपमा समाजमा अवशिष्ट रहेको हुन्छ (रेग्मी, २०५०, पृ. १३) । संस्कृति मानव सभ्यतासँग जोडिएर मान्छेकै लागि निर्माण हुने अलिखित अनुशासन र आचारसंहितासम्बन्धी कानुन मान्न सकिने विषय हो धने धर्ममा यसको प्रत्यक्ष प्रतिबिम्बन पाइन्छ । मानव सभ्यताको विकासको शिलशिलासँगै समाजलाई व्यवस्थित गर्न र सामाजिक गतिविधिको व्यवस्थापनका लागि सचेत र असचेत रूपमा निर्मित सामाजिक व्यवहार र तिनको सांस्कृतिक पक्ष संस्कृतिको आधार हो (भाटिया, फ्लावरड्यु र रोडनी २००८, पृ. ५) । मान्छेमा विद्यमान संज्ञान तथा त्यसको निर्देशनअनुसार गरिने असचेत रूपमा निर्माण हुने संस्कृतिको विराटतामा धर्म पुष्पित र पल्लवित हुने विषय हो । समुदायले असचेत रूपमा अवलम्बन गरी त्यसैका सापेक्षमा जीवन सञ्चालन गर्ने पद्धतिका रूपमा समाजमा स्थापित रहेको हुन्छ जुन कतिपय अवस्थामा भाषा र कतिपय अवस्थामा सामाजिक व्यवहारबाट निशृत रहेको हुन्छ (भाटिया २००८, पृ. २९) । संस्कृतिको बृहत्तर छातामा राष्ट्र, राष्ट्रियता, धर्म, साहित्य, सङ्गीत, कला, आचार/व्यवहार, बौद्धिकतासम्बद्ध संज्ञान र तिनको अविच्छिन्न उत्तराधिकारको विषय समावेश भएका हुन्छन् । संस्कृतिको एक अङ्गका रूपमा रहने धर्मको विविधता रहेको मानव समाजमा हिन्दूहरूले अवलम्बन गर्ने सनातन धर्मको एकांश वैष्णव धर्म हो । वैष्णव धर्ममा विविध सूक्ष्म एकाइ त छँदैछन् यसको मुख्य विषय अवतार र अवतारवादको विषय संज्ञानका रूपमा अवलम्बन भएको छ भने यसका विषयमा यस धर्मसम्बद्ध भाष्य तथा ग्रन्थमा पनि विवेचना भएको छ । यस लेखमा वैष्णव धर्ममा अवतारवादको विषयमा क्रमशः अमानुष अवतार, मानुष अवतार र मनुष्यको देवत्वकरणजस्ता तीन उपशीर्षकमा अलगअलग विवेचना भएको छ ।

## विश्लेषण र नतिजा

हिन्दूसभ्यता आदिम संस्कृति हो भने यसको अन्तर्यमा रहेका अधिकतर धर्म तथा धार्मिक सम्प्रदायभित्र अवतारको भूमिका र तिनको अनुशरण धर्म र सम्प्रदायकै नाममा भएको छ । विकासवादी सिद्धान्तले स्थापित गरेको जीवको उत्पत्ति र विकाससम्बन्धी मान्यताकै सादृश्य प्राचीन हिन्दूग्रन्थमा पनि मानव विकासलाई ईश्वरीय सत्तासँग जोडी तिनका अवतारको माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । हिन्दूसंस्कृतिको बृहत्तर छाताभित्र पल्लवित रहेको बैष्णव धर्म अवतारका सम्बन्धमा अग्रणी सम्प्रदाय हो भने यस धर्ममा उल्लेख भएका दशावतारको अवधारणालाई अमानुष, मानुष र मान्छेको देवत्वकरणजस्ता अलग उपशीर्षकमा निम्नानुसार विवेचना गर्नु उयपुक्त ठहर्दछ ।

## बैष्णव धर्ममा अमानुष अवतार

बैष्णव धर्ममा जीवसृष्टि र त्यसको विकाससँग जोडिने वैज्ञानिक तथ्यसँग मिल्ने प्रकृतिका अमानुष अवतारको परिकल्पना भएको छ । बैष्णव धर्मावलम्बीहरूले विश्वास गरेको भगवान विष्णुको प्रथम अवतार मत्स्य अवतार हो । यस अवतारकै बारेमा मत्स्यपुराण, आग्नेयपुराण, बराहपुराण र भागवतपुराणहरूले उल्लेख गर्दै मत्स्य अवतार लिनुपरेको कारणका बारेमा सर्वप्रथम शतपथ ब्राह्मणमा चर्चा भएको छ । यस ग्रन्थमा भगवान विष्णुले मत्स्य अवतार लिनुपरेको घटनालाई रोचक तरिकाले प्रस्तुत गरेको छ – जसअनुसार प्राचीनकालमा "मनु" ले योगसाधनाद्वारा एकसय बर्ष तपस्या गरे । उनको तपस्याबाट प्रसन्न भई ब्रह्माले चराचर जगतको रक्षा गर्नसक्ने वरदान दिए । यसरी वरदान प्राप्त मनुले तर्पण गर्ने क्रममा एकदिन अफ्नो तर्पणपात्रमा सँगै आएको मत्स्यलाई देखे । उक्त माछाले "मनु" ऋषिसित दोहोरो वार्तालाप गरी एउटा रहस्य ऋषि समक्ष प्रस्तुत गर्‍यो । जसअनुसार निकट भविष्य मै यस भ्रमण्डलमा भयङ्कर बाढी आई समस्त प्राणीहरूलाई बगाउने छ र मनु ऋषि मात्र जीवित रहने कुरा माछाले बतायो तत्पश्चात उक्त माछा ऋषिसँगै बस्न थाल्यो । ऋषिमनुले उक्त (मत्स्य) माछालाई शुरूमा घडामा राखे, त्यसपश्चात् अलिक ठूलो भाँडोमा राखे । समयक्रमसँगै माछोको आकार बढ्दै गए अनुरूप क्रमशः पोखरी, कुवा, ताल र महासागरमा राख्दै गए । यसरी क्रमशः माछाकै आकार बढ्दै गएकाले सोचमग्न भएपछि उनलाई यो माछो सामान्य प्राणी नभएर ईश्वरको प्रतिरूप हुनसक्ने अनुभूति भयो ध्यान मग्न अवस्थामा यो माछा भगवान नारायणको रूप भएको ज्ञान भएपछि उनले माछासँग दोहोरो वार्तालाप गरे । त्यसपछि मत्स्यरूपी भगवान नारायणको आदेशबमोजिम एउटा विशाल डुङ्गा तयार पारियो । त्यस डुङ्गामा ऋषिहरू विभिन्न जीवजन्तुहरू र रुखवृक्षहरू राखेर त्यस भीमकाय माछोको सिङलाई शेषनागद्वारा बाँधियो र भीषण बाढीबाट जोगाइयो । मत्स्यरूपी नारायणले त्यस महासागरमा वेद चोरेर लैजाने हयग्रीव नामक राक्षससित प्रलयको त्यस क्षणमा युद्ध गरी वेद फिर्ता ल्याए र मनुलाई दिए भन्ने कथाले भगवान विष्णुको प्रथम अवतार मत्स्य (माछा) भएको कुरा बताउँदछ भने यो अवतार सत्ययुगको मानिन्छ ।

भगवान् विष्णुको सत्ययुगकै दोश्रो र महत्त्वपूर्ण अवतार कुर्म (कछुवा) अवतार हो । विभिन्न पुराणहरूमा गरिएको उल्लेख अनुसार यो अवतार जलप्रलयमा हराएका विभिन्न महत्त्वपूर्ण वस्तुहरू खोज्नका लागि लिनुपरेको अवतार भएको बताइएको छ । मार्कण्डेय पुराणमा भगवान नारायणले कछुवाको रूप धारण गरी पृथ्वीलाई थामेको कुरा उल्लेख गरिएको छ । त्यस युगमा (सत्ययुग) कछुवाको पानी र वरूणसँग घनिष्ठ सम्बन्ध रहेको थियो । त्यसैले कछुवालई समस्त प्राणीहरूको जन्मदाता पनि मानिन्थ्यो । शतपथ ब्राम्हण ग्रन्थमा प्रजापतिले कछुवाको रूप लिएको उल्लेख गरिएको छ । भागवत कथा र विष्णुपुराणमा समुन्द्रमन्थनको प्रसङ्ग उल्लेख गरिएको छ । भागवत कथा र विष्णु पुराणमा समुन्द्रमन्थनको प्रसङ्ग उल्लेख गरिएको छ । उक्त मन्थन कार्यमा स्वयम् विष्णु भगवानले कछुवारूपी अवतार लिई पृथ्वीको केन्द्र बनी पृथ्वी र पृथ्वीवासीको रक्षा गरेको वर्णन पाइन्छ । समुन्द्र मन्थनमा क्रमशः अमृत, धन्वन्तरी, लक्ष्मी, वारूणी, सोमरस, अप्सरा, कौस्तुवमणि, पारिजात, वृक्ष, लतादि, सुरभि, ऐरावत, पाञ्चजन्य शङ्ख, शारङ धनु र हलाहल विष निक्सिएको थियो । कछुवारूपी नारायण आफैँ फेदमा बसेर सम्पूर्ण मन्थन कार्यलाई सफल र सम्पन्न तुल्याएकाले पृथ्वीमा कछुवालाई शक्तिशाली मानिन्छ र विष्णुको अवतारको रूपमा सम्मान र श्रद्धा गरिन्छ ।

भगवान् विष्णुको सत्ययुगकै अवतार र समग्रमा तेश्रो अवतार बराह अवतार हो । यो बराह अवतार हिरणयाक्ष राक्षससित जोडिएको मानिएको छ । एकपटक हिरण्याक्ष राक्षसले पृथ्वीवासीलाई दुःख दिन पृथ्वीलाई उचालेर महासागरमा डुबाइदियो । जसबाट सम्पूर्ण प्राणीजगतमा हाहाकार मच्चियो । यस्तो हाहाकार युक्त अवस्थाबाट पृथ्वीवासीको उद्धार गर्न विष्णुले बराह अवतार लिई महासागरभित्र पसी हिरणयाक्ष राक्षसलाई मारे र पृथ्वी र पृथ्वीवासीको उद्धार गरेको वर्णन पाइन्छ । हिन्दू धार्मिक परम्परामा पनि खासगरी बैष्णव धर्ममा बराह अवतारको वर्णन पाइन्छ । हिन्दू धार्मिक परम्परामा पनि खासगरी बैष्णव धर्ममा बराह अवतारको वर्णन गर्नुअघि हिन्दू इतर संस्कृतिमा पनि बराहको उल्लेख चाखलाग्दो तरिकाले वर्णन गरिएको छ । प्राचीन युरोपेली सभ्यतामा बराह (सुंगुर) लाई किसान, खेतीपाती र बल वा ताकतको प्रतीक मानिएको छ । यसले मुख वा अगाडिको दाँतयुक्त भागले जमिन जोत्ने हुनाले यसलाई पृथ्वीको उर्वराशक्तिको प्रतीक पनि मानिएको छ । पश्चिमी युरोपका जर्मन निवासीहरू यसलाई मतको प्रतीक मान्दथे र यसलाई मौसमको ज्ञान हुन्छ भन्ने ठान्दथे । प्राचीन ग्रीकहरू बराहको विभिन्न अवसरमा वलि दिन्थे तर यसरी वलि दिएको बराहको मासु खाँदैनथे तर त्यसको रगत जमिनमा छर्किने गर्दथे । प्रसिद्ध ग्रीक कवि होमरले बराहको बलिदान गरिने समारोहहरूको वर्णन आफ्ना कृतिहरूमा गरेका छन् । ग्रीकहरू सरह नै रोमनहरू पनि पृथ्वीलाई बराह चढाउँथे ।

बराहको उल्लेख ऋग्वेदमै भएको चर्चा गरिने गरिएको छ । ऋग्वेदमा उल्लेखित "एमुश" लाई बराह मानी यसलाई विष्णुको अवतार बताइएको छ । ब्राम्हण साहित्यमा "एमुश" नामक बराहले पृथ्वीलाई धारण गरेको वर्णन छ । बराहले धारण गरेर बचाएपछि पृथ्वीमा मानव तथा अन्य प्राणी र जिवजन्तु बस्न सक्ने भए भनिएको छ । महाकासकालीन महाभारतमा बराह अवतारको बारेमा अर्कै कथा वा प्रसङ्ग उल्लेखित छ । जसअनुसार एकपटक पृथ्वीमा यति धेरै अन्न उत्पादन भयो की त्यति धेरै अन्नको भार खप्न नसकी पृथ्वी पानीमा डुब्न लाग्यो । पृथ्वीको यस्तो अवस्था देखी भगवान् विष्णुले बराह अवतार लिई पृथ्वीलाई पातालबाट अर्थात पानीबाट उठाई माथि निकाले । महाभारतकै अर्को प्रसङ्गमा विष्णुले बराह लिएर पातालमा गई राक्षसहरूलाई नष्ट गरेको प्रसङ्ग छ । पौराणिक कालमा भगवान विष्णुको लोकप्रियता आकाशिएको थियो भनेर बुझ्न सकिन्छ । नेपालको पूर्वी भागमा पर्ने सुनसरी जिल्लास्थित कोका र कोशी नदीको दोभानमा अवस्थित बराह भगवान्को मन्दिर भगवान् विष्णुको अवतारको कथासित नै सम्बन्धित छ, जुन स्थललाई आजसम्म पनि बराहक्षेत्र भनिएको छ । बराह अवतारमा विष्णुको शरीर मानवाकार र शिरचाहिँ बराहको हुन्छ । उचाइको अनुपातमा शरीर मोटो देखिन्छ । बायाँ हात कम्मरमा र दायाँ कुहिनोमा पृथ्वीलाई बराहले धारण गरेको हुन्छ ।

सत्ययुगकै विष्णुको चौथो अवतार नृसिंह अवतार हो । नृसिंह भनेको टाउको सिंह र शरीर मानव रूपी आकृति हो । सत्ययुगमा नै हिरण्याक्ष राक्षसको सहोदर भाइ हिरण्यकशिपु आफ्नो छोरा प्रह्लादको विष्णुभक्तिदेखि अप्रसन्न थियो । छोराको देवभक्तिले राक्षस पितालाई अत्यन्त क्रुद्ध पारेको थियो । फलतः बाल्यकालदेखि नै प्रह्लादले बाबुबाट स्नेह र प्रेमको सट्टा प्रताडना र अनेक कष्टदायक दण्ड, सजाय भोग्नु परेको थियो, तर प्रह्लादको विष्णु भक्तिमा कुनै कमी आएको थिएन । आफूले दिएका जस्तासुकै कडा दण्ड र सजाय पनि प्रह्लादले पचाएको देखेर राक्षस बाबु हिरण्यकशिपु पनि आश्चर्य चकित र अवाक थियो । हिरण्यकशिपु आफ्ना दाजु हिरण्याक्षलाई विष्णुले मारेको तर आफ्नै छोरो प्रह्लाद विष्णुभक्त भएको कारणले प्रह्लादप्रति क्रुरभाव राख्ने गर्दथे साथै दाजुको मृत्युपछि विष्णुप्रति वैरभाव राखेको हिरण्यकश्यपले तपस्या गरी ब्रह्मालाई खुसी तुल्याई आफूलाई कुनै पनि मनुष्यले दिन वा रातमा मार्न नसक्ने वरदान हासिल गरेकोले अत्यन्त मैमत्ता भएको थियो । आफ्नो छोरो विष्णु भक्त भएकोले आक्रोशित हिरण्यकश्यपले छोरालाई नै मार्ने कार्य असफल भएकाले अत्यन्त उत्तेजित भएकै अवस्था र उसका पाप कार्यले सीमा नाघेपछि भगवान विष्णुले आफ्नो भक्त प्रह्लादको जीवनरक्षाका खातिर हिराण्यकश्यपुलाई मार्ने अठोट गरे तर ब्रह्माको वरदानका कारणले ब्रह्माको अपमान नहोस भनेर सिंहको शरीर र मानवको शरीर भएको प्राणीको रूप लिई गोधुली समयमा (न दिन न रात) हिरण्यकश्यपको दरबारको एउटा खम्बाबाट प्रकट भएर हिरण्यकश्यपलाई काखमा राखी नङ्ग्राले पेट चिरेर बध गरे । यसरी हिरण्यकश्यप नामक ब्रह्माद्वारा वरदानप्राप्त राक्षसको संहार गर्न विष्णुले नरसिंह वा नृसिंह अवतार लिनु परेको वर्णन बैष्णव साहित्यमा पाइन्छ ।

## बैष्णव धर्ममा मानुष अवतार

मानुष अवतार बैष्णव धर्मग्रन्थमा व्याख्या भएको पाँचौ अवतारदेखि कृष्ण अवतारसम्मको मानवीय स्वरूपमा आएको भाष्यसँग सम्बन्धित छ । भगवान विष्णुको पाँचौ अवतार वामन (पुङ्के) अवतार हो । सत्ययुगपछि

त्रेतायुगको मानिएको यो वामन अवतार निकै लोकप्रिय र महत्त्वपूर्ण अवतार मानिने गरिएको छ । यस अवतारसम्बन्धी प्रचलित कथा अनुसार एकपटक राक्षसराज बलिले विराट् यज्ञको आयोजना गरे । यज्ञमा उपस्थित सबैलाई यथोचित र प्रशस्त मात्रामा दान गर्दै आफ्नो पुण्यको मात्रा बढाउँदै लगेकाले आफ्नो स्थान बलिले लिइदिने हो की भन्ने संशय देवतागणलाई हुनपुग्यो । विष्णुले पनि वलिको प्रसिद्धि र पुण्यको भण्डार बढेको सुइको पाई उनलाई (बलिलाई) रोकनका लागि ब्राम्हणपुत्र (दान लिन योग्य) वामनको रूप धारण गरेर वलिसमक्ष प्रस्तुत भए । वलिले वामनलाई पनि उपयुक्त कुरा दानस्वरूप माग्न आग्रह गरे । फस्वरूप वामनले आफ्ना तीन पाइला राख्ने ठाउँ मागे । वामनको मागको गहिराई बुझ्न नसकेका वलि वामनको माग पूरा गर्न अग्रसर भए । बलिले वामनको प्रस्ताव स्वीकार गर्ने वितिकै वामन भयङ्कर रूपमा प्रस्तुत भए र पहिलो पाउले सारा पृथ्वी ढाके, दोश्रो पाउले आकाश ढाके तर तेश्रो पाउ राख्ने ठाउँ नपुगेकाले बलिको टाउकोमा राख्दा भार खप्न नसकी बलि पतालमा भासिन पुगे । यसरी विष्णुले राक्षस र देवताबीचको सङ्घर्षमा राक्षस शक्तिलाई परास्त गर्न वामन अवतार लिएको उल्लेख पाइन्छ । विष्णुको यो वामन अवतारको वर्णन शतपथ ब्राम्हण र महाभारत आदिमा विस्तारपूर्वक भएको छ ।

मानुष अवतारको दोस्रो रूप परशुराम अवतार हो । परशु (बन्चरो) हातमा लिएको वा आफ्नो आयुध (हतियार) को रूपमा परशुधारी अवस्था वा स्थिति परशुराम अवतार हो । यसलाई भगवान विष्णुको छैटो अवतार मानिएको छ । त्रेतायुगको एक कालखण्डमा पृथ्वीमा अवस्थित क्षत्रीय राजाहरूको शक्ति र घमण्ड ज्यादै बढ्न पुग्यो उनीहरूले आफू बाहेक सवै वर्गका मानिसहरूलाई अत्यन्तै दुःख दिन थाले । उच्च ब्राम्हण वर्गबाट पनि आध्यात्मिक नेतृत्व खोसेर आफ्नो अधिकारको दुरूपयोग गर्न थाले । पुरोहित र उच्च ब्राम्हणका लागि यस्तो अवस्था अत्यन्त अपमानजनक हुनपुग्यो । क्षत्रीय कुलीनतन्त्रको बढ्दो प्रभावमा अल्पसङ्ख्यक ब्राम्हण समुदायको जीवन कष्टकर हुनपुग्यो । बैष्णव धर्म सम्प्रदायमा प्रचलित कथाअनुसार ब्राम्हणमाथिको थिचोमिचो र अन्याय, अत्याचारका विरूद्ध विष्णुले परशुराम अवतार लिई क्षत्रीय कूलतन्त्रको नाश गरे । कथाहरूमा परशुरामलाई जमदग्नि नामक एक ब्राम्हाणको छोरा भएको बताइएको छ । जमदग्नि ब्राम्हणलाई कार्तवीर्य नामक क्षत्रीय राजाले मारेका थिए । छलपूर्वक मारिएका आफ्ना पिताको हत्याको बदला लिन परशुरामले क्षत्रीय राजाहरूको नाश गरेको बताइएको छ । परशुरामले आफ्ना बाबुको हत्याको बदला लिन एक्लै पृथ्वीमा घुमीघुमी राजाहरूका वंशको पुरूष जातिलाई नाश गर्दै हिँडे भनिएको छ, यसरी क्षेत्रीय पुरूषहरूको बध गर्न परशुरामले २१ पटकसम्म पृथ्वीको परिक्रमा गरेका थिए । यस पश्चात पृथ्वीमा पुनः ब्राम्हणहरूको वर्चस्व स्थापित भएको थियो । यसक्रममा प्रसिद्ध महाकाव्य महाभारतका अनुसार परशुरामले क्षत्रीयहरूको वध गर्दा जम्मा भएको रगतले ५ वटा तलाउहरू भरिएका थिए । जसको तात्पर्य हो परशुरामले भउङ्कर रूपले मारकाट मच्चाए तर कश्यप ऋषिको बुद्धिमत्ता र चतुर्याइँले केही क्षत्रीय राजपूतहरू बाँच्न सफल भए र पछि राज्य सञ्चालनमा सक्रिय भए । अन्त्यमा युद्ध–यात्राबाट थकित भएर परशुराम पहाडमा बस्नथाले । परशुराम अत्यन्त क्रोधी थिए । एकपटक पार्वतीपुत्र गणेशले परशुरामको परशु (बन्चरो) को बीँड अज्ञानतावश भाँचिदिए गणेशको त्यसकार्यबाट अत्यन्त क्रुद्ध बनेका परशुरामले गणेशको एउटा दाह्रा नै भाँचिदिए भनिन्छ त्यसै बेलादेखि गणेश एउटा मात्र दाह्रायुक्त हुन पुगे र आजसम्म पनि गणेशलाई एकदाह्रायुक्त नै बताइन्छ । भगवान शिवलाई परशुरामको गुरू मानिएको छ । शिवबाटै परशुरामले हातहतियार सञ्चालनसम्बन्धी ज्ञान र शक्तिशाली परशु (बन्चरो) प्राप्त गरेका थिए, जसको नामवाटै (परशु) उनको नाम परशुराम रहन पुग्यो । कतैकतै वा कुनै कुनै ग्रन्थमा क्षत्रीय हुनाले रामचन्द्र सित पनि परशुरामको मेल नभएको वताइएको छ, यद्यपि यी दुवै विष्णुका अवतारहरू एकै समयका हुनसक्ने कुरामा त्यति सङ्गति मिलेको भने देखिँदैन ।

बैष्णव अवतारमा सबैभन्दा बढी अनुरक्ति स्थापित गर्ने अवतार रामावतार हो भने यो तेस्रो मानुष अवतार हो । हिन्दू धर्मसंस्कृति र समुदायमा रामको अत्यन्त ठूलो महिमा छ । राम अवतार उत्कृष्ट राजोचित गुण र धर्मको प्रतीक मानिन्छ । आजपर्यन्तसम्म पनि उदाहरणीय क्षत्रीय राजा र भगवान्कै दर्जा पाएका रामको प्रभाव प्रत्येक हिन्दू घरघरमा व्याप्त छ । विष्णुका अत्यन्त लोकप्रिय अवतारहरू मध्ये प्रमुख अवतारको रूपमा रामवतारलाई दिइने गरिन्छ । विष्णुको यो अवतारको कथा महर्षि बाल्मीकिले लेखेका हुन्, जुन रामायणको नामले आजपर्यन्त सम्म पनि प्रख्यात, प्रसिद्ध र श्रद्धेय छ । रामायणलाई कालजयी कृतिका रूपमा लिइने गरिन्छ । यसबाहेक रामायणको उल्लेख र चर्चा अन्य विभिन्न पुराण र महाभारतमा पनि गरिएको छ । विष्णुले त्रेता युगमा नै राम अवतार लिनाको करण लङ्कापति राक्षसराज रावणको हठधर्मिता र अत्याचार नै भएको बताइएको छ । मर्यादा पुरूष राम अयोध्याका राजा दशरथका जेठा छोरा थिए । उक्त समयमा राक्षसराज तर अत्यन्त विद्वान् रावणको राज्य लङ्कामा थियो । विद्वान्को घमण्डले गर्दा रावणलाई अराजक र अत्याचारी बताइएको छ । त्यससमयमा रावण लगायत राक्षसगणले जङ्गलमा तपस्यारत ऋषिमुनिहरूलाई आफूजस्तै विद्वान होलान् भन्ने भयले गर्दा अत्यन्त दुःख दिएका थिए । राक्षसगणको त्यस प्रकारको अत्याचारी कर्मको विनाश गर्नका लागि विष्णुले रामअवतार लिनु परेको बताइएको छ । रामायणका अनुसार आफ्ना बाबु दशरथको जीवित अवस्थामा नै रामले चौध बर्ष बनवास जानुपर्‍यो । जसमा रामसँगै भाइ लक्ष्मण र पत्नी सीता पनि वनवास गएका थिए । वनवासका क्रममा पनि राम र लक्ष्मणले राक्षसहरूको संहार गरी विभिन्न ऋषिहरूको कष्टमय तपो जीवनको उद्धार गरे । वनवासकै क्रममा जोगीको भेषमा रावण आई सीताको हरण गरी लग्यो । रामले आफ्ना परमभक्त हनुमान र सुग्रीव लगायतका वानर सेनाको सहायताले महासागरमा पुल बाँधी सागर तरेर लङ्का पुगी रावण वध गरेर सीतालाई फिर्ता ल्याएको कथा रामायणमा पाइन्छ । यस प्रकार चौध बर्ष वनवास जीवन समाप्त गरी राम आफ्नो राज्यमा धर्म र न्यायको शासन कायम गरे, जसलाई आजसम्म पनि "रामराज्य" वा एक समृद्ध र सुखमय अवस्थाको प्रतीक मानिएको छ । यसैगरी रामकी पत्नी सीतालाई एक आदर्श नारी, पतिव्रता धर्मकी अग्रणी प्रतीकको रूपमा मानिन्छ । समस्त हिन्दू जगतमा रामका साथमा सीता, लक्ष्मण र हनुमानको पूजा आजपर्यन्तसम्म पनि घरघरमा गरिन्छ । दक्षिण पूर्वी एशियाली संस्कृतिमा रामअवतारको स्थान धेरै महत्त्वपूर्ण छ र रामायण पनि जनमानसमा लोकप्रिय छ । विष्णुका अवतारहरूमा राम अवतार समाजमा सर्वाधिक व्यापक, मान्य र श्रद्धेय रहेको छ । रामको महत्त्व, आख्यान र उनको गरिमाका बारेमा बाल्मीकिले रामायणका माध्यमद्वारा धेरै पहिले लेखिदिएको भए पनि राम उपासनाको प्रचारप्रसार त्यतिबेलै हुन नसकेको हो (मिश्र, ऐजन) त्यसैकारण विष्णुका अवतार र बैष्णव धर्मसम्बन्धित भएर रामको चर्चा, कृष्णभन्दा पछाडि परेको छ । बैष्णव धर्म सम्प्रदाय र विष्णुका अवतारको रूपमा हिन्दू जनमा राम र रामायणको स्थान प्रसिद्ध र प्रख्यात रूपमा रहेको कुरालाई कसैले पनि अस्वीकार गर्न सक्दैनन् ।

चौथो मानुष अवतारका रूपमा कृष्ण अवतार र यसको व्यापकता बैष्णव धर्ममा विशेष महत्त्वको छ । बैष्णव धर्म र सम्प्रदायका अत्यन्त प्रख्यात, प्रसिद्द र पूजनीय देवता मानिदै आएका श्रीकृष्ण पनि भगवान् विष्णुका द्वापर युगका महत्त्वपूर्ण अवतार हुन् । यो कृष्ण अवतार विष्णुका आठौं अवतार हो । यो अवतारको बृहत् विवरण महाकाव्य महाभारतमा पाइन्छ । यो अवतारलाई प्रेम र दैवी आनन्दको प्रतीकका रूपमा पनि लिइने गरिन्छ । सम्पूर्ण भक्तहरू वा उपासकको मनमा एक पटक मात्र पनि श्रीकृष्णको नाम आएमा सबै प्रकारका दुःखकष्टहरू नाश हुन्छन् भन्ने यस मतका अनुयायीहरूको विश्वास रहेको छ । हिन्दू धर्मग्रन्थहरूमा विष्णुको प्रत्येक अवतारले आफूभन्दा अगाडिका अवतारहरूले अपूरो छाडेका कार्यहरू सम्पन्न गर्नका लागि प्रत्येक युगमा अवतार लिनुपरेको विषय प्रस्तुत गरेको छ । रामचरितमानसका अनुसार एकपटक जङ्गलमा रामचन्द्रले राक्षसहरूको अत्याचारबाट ऋषिहरूलाई मुक्त गराएका थिए । रामको सौन्दर्यबाट मुग्ध भएर ऋषिहरूले रामलाई स्पर्श गर्न चाहे तर रामले अर्को युगमा मात्र ऋषिहरूको इच्छा पूरा गर्न सक्ने बताए । अर्को युगमा आफू कृष्णरूपमा अवतार लिने र गोपिनीका रूपमा ऋषिहरूले आफ्नो इच्छा पूरा गर्ने बताए । यसरी प्रेम र धर्मको स्थापनार्थ विष्णुले देवकीका छोराको रूपमा वासुदेवको घरमा जन्म लिए । देवकी पुत्र कृष्णलाई उनका आफ्नै मामा कंश मार्न चाहन्थे तर बाल्यावस्थादेखि नै सुरवीर कृष्णले अत्याचारी मामा कंशको बध गरेर आफू राजा भए । आफ्नै भए पनि

अत्याचारी र दुष्ट भएकाले मामाको समेत बध गरेर लोकको कल्याणकारी पात्रको रूपमा कृष्णलाई पुजिजएको छ भने कर्मवादका दर्शन प्रतिपादन गरेर कौरव–पाण्डवको झगडामा आफू धर्मको पक्षमा उभिएको सन्देश दिएर कृष्णले कर्म र धर्मलाई व्यक्तिगत जीवनमा अपनाउनु पर्ने दर्शनका रूपमा स्थापित गरिदिएकाले हिन्दू धर्म संस्कृति र बैष्णव धर्म सम्प्रदायमा उनको स्थान उच्च रहेको छ । पाण्डव र कौरवको धर्मयुद्धको बेलामा आफ्नो कर्तव्य वा कर्म भुल्न पुगेका वीरयोद्धा अर्जुनलाई युद्धभूमिमै कर्मको ज्ञान दिएर आफ्नो कर्तव्य पूरा गर्न प्रोत्साहित गरेका श्रीकृष्णले त्यतिबेला अर्जुनलाई दिएको सल्लाह वा उपदेशलाई नै गीताको रूपमा आजसम्म पनि मनन गरिँदै छ । हिन्दू धर्मसंस्कृति अँगाल्ने सम्पूर्ण उपासक र साधारण मनुष्यका बीचमा पनि प्रसिद्ध हरिवंश र भगवत पुराणमा कृष्णको जीवनी र उनका कार्यहरूको विस्तृत वर्णन छ । कर्म र धर्मवादका प्रणेता कृष्णको अर्को दर्शन भक्ति र प्रेमवाद पनि हो । कृष्णकी प्रेयसी राधा मानिन्छिन् जसले कृष्णलाई निस्वार्थ निश्चल र निर्मल प्रेम गरिन् । समस्त हिन्दू जगतमा राधाकृष्णलाई प्रेमको प्रतीक मानिन्छ । हिन्दूहरूले पूज्ने प्रत्येक कृष्णमन्दिरमा राधा र कृष्णको संयुक्त मूर्ति हुने गर्दछ । राधा कृष्णकी पत्नी नभएर उनकी बालसखा थिइन् । राधा अरू कुनै ग्वाला की पत्नी थिइन् । यसकारण कृष्णको प्रेममा मग्न भएर उनी पत्नीको घेरामा मात्र सीमित नभएर पतिलाई त्याग गरी कृष्ण अवतारलाई धर्मको स्थापना, प्रेम र भक्तिदर्शनको प्रतिपादनका लागि लिइएको अवतारको रूपमा लिएको छ । समस्त हिन्दूजन र बैष्णव धर्मको केन्द्रविन्दूका रूपमा कृष्ण अवतार लोकप्रिय रहँदै आएको छ ।

## मनुष्यको देवत्वकरण

बैष्णव धर्म र यसलाई संस्कृतीकरण गर्ने भाष्यमा मनुष्यको देवत्वकरण गर्ने सन्दर्भमा बुद्धलाई स्थापित गरेको छ । हिन्दूसंस्कृतिमा ब्राम्हण अतिवादलाई न्यूनीकरण गर्नका लागि परिकल्पना गरिएको यस अवतारसँग सम्बन्धित अर्कै संस्कृति र त्यसका अन्तर्यमा दुई भिन्न धर्मको अस्तित्व रहे पनि बैष्णव धर्ममा यसको समानान्तर प्रभाव रहेको छ । विष्णुको नवौं अवतारको रूपमा कलियुगमा लिइएको अवतार भनेर बुद्धलाई बताइएको छ । इशापूर्व छैटौं शताब्दीमा बर्तमान नेपालको लुम्विनी वनमा कपिलवस्तुका शासक शुद्धोधनका पुत्रका रूपमा जन्मिएका सिद्धार्थ गौतम कालान्तरमा बुद्ध कहलिए र पछि गएर भगवान बताइए । उनको दर्शनलाई कालान्तरमा बुद्ध धर्म कहलिए र पछि गएर भगवान बताइए । उनको दर्शनलाई कालान्तरमा बुद्ध धर्म भनियो र आज पर्यन्तसम्म पनि भनिदैछ । वर्तमान समयमा बुद्ध धर्म (दर्शन) विश्वका धेरै देशमा फैलिइसकेको छ । धर्म दर्शनका विशलेषकहरूले बोद्ध धर्म छुट्टै धर्मका रूपमा रहेको र बुद्ध र विष्णुको कुनै साइनो नरहेका बताएता पनि हिन्दू धर्म दर्शनमा बुद्धलाई पनि विष्णुकै अवतार भएको बताइएको छ । विश्लेषकका अनुसार हिन्दू धर्म दर्शनमा आएको जडता, कठोरता र बलिप्रथाबाट आक्रान्त बनेको जनजीवनलाई अहिंसा र समन्वयवादी मार्गको प्रतिपादन गरेर बुद्धले हिन्दू धर्मबाट जनजीवनलाई अलगिगई छुट्टै दर्शन प्रतिपादन गरेको रूपमा व्याख्या गरेका छन् । यस दृष्टिबाट हेर्दा बुद्धलाई विष्णुको अवतार मान्ने तर्क वा भनाइ हास्यास्पद देखिनआउँछ । ईशापूर्व ५६३ (उत्तर वैदिककाल) मा कपिलवस्तुका शासक शुद्धोदनका दरबारमा अलौकिक शिशुका रूपमा एक बालकको जन्म भयो । शुधोदनका सन्तानका रूपमा जन्म लिएका उक्त शिशुको नाम सिद्धार्थ गौतम राखियो । दैवीगुणयुक्त उक्त बालकलाई ज्योतिषीले सन्यासी हुने कुरा बताएकाले चिन्तित दरबारका सम्पूर्ण व्यक्तिहरू बालकलाई राजसी भोगविलासमा लिप्त बनाउन प्रयत्नशील रहे । प्रारम्भदेखि नै बालक सिद्धार्थलाई भोगविलासको अम्मली बनाउने प्रयत्न गरिए पनि बालकको अनौठो र सन्यासी प्रकृतिमा कुनै परिवर्तन देखिएन । सिद्धार्थ गौतममा यसरी सन्यासी प्रकृति बढ्दै जाँदा चिन्तित परिवारजनले उनी किशोर अवस्थामा प्रवेश गर्ने बित्तिकै विवाह गरिदिए । विवाह गरिदिएपछि यौनसुखमा भुल्छ की भन्ने सोचाई पनि काम लागेन । एउटा पुत्रको प्राप्तिपछि २९ बर्षको उमेरमा सिद्धार्थ गौतमले दरबार त्याग गरे र वनवन चहार्दै हिंदे । करिब ६ बर्षपछि उनलाई ज्ञान प्राप्त भयो र प्राप्त ज्ञानलाई बाँड्दै हिँड्न थालेपछि उनी बुद्ध कहलाइए । बुद्धसम्बन्धी कथा यही हो । बुद्धको समयताका ब्राम्हण धर्म एकदमै कठोर र कर्मकाण्डी थियो । यद्यपि शैव र बैष्णव धर्म केही उदार र संयमित पनि थिए तथापि तिनमा सङ्कीर्णता भरपूर मात्रामा थियो । त्यसैले आडम्बरयुक्त वैदिक धर्मको संशोधित स्वरूपका त्यसको विरोधमा बुद्धले अहिंसात्मक समन्यवादी अभियान चलाएका थिए । एकथरी विद्वान्को भनाइमा बुद्धलाई विष्णुको अवतार मानिदिएर हिन्दू परम्पराले आफ्नो महान् परम्परालाई स्पष्ट पारेको पनि बताएका छन् (क्षेत्री, खतिवडा, २०५४, पृ. ४१) यसवाहेक बैष्णव धर्मसम्प्रदायीहरू आफू अहिंसक भएको हुँदा बुद्धलाई पनि अवतार मानिदिएको हुनसक्दछ ।

बैष्णव धर्ममा परिकल्पना गरिएको तथा हुन बाँकी अवतार कल्की हो । कल्की मान्छेकै रूपमा जन्मिई आफ्नो सौर्यका कारण पाप र अन्यायको दमनमा उत्रने काल्पनिक भाष्य निर्माण गरी व्याख्या गरिएको मनुष्यको देवत्वकरण हुने दशौं अवतार हो । बैष्णव धर्म सम्प्रदायमा आस्था र विश्वास राख्ने लगायत सम्पूर्ण धर्मावलम्वीहरूले विष्णुका नौ अवतारहरूलाई पृथ्वीमा अवतरित भइसकेको विश्वास राख्दछन् भने एउटा अवतार हुन बाँकी रहेको बताउँदछन् वा त्यस्तो विश्वास राख्दछन् । यसरी अब हुने अवतार कल्की अर्थात् कलियुगको अन्तिमतिर यो अवतार हुनेछ भनेर बताइएको छ, जसलाई भगवान् विष्णुको दशौं अवतार भनेर मानिएको छ । कलियुग आफ्नो चरम सीमामा पुगेपछि यस युगको अन्त्यतिर विष्णु सेतो घोडा चढी हातमा चम्किलो तरबार लिएर पृथ्वीमा आउनेछन् र यस युगका सबै खराब तत्वहरूको नाश गरेर स्वर्ण युगको पुर्नस्थापना गर्नु विष्णुको लक्ष्य हुनेछ । एकपटक सम्पूर्ण संसार ध्वस्त भई यहाँ नयाँ मानवको सृजनाहुनेछ भनेर बताइएको छ । भागवतपुराणका अनुसार कलियुगको चरमकालमा संसारका सबै राजा र शासक भ्रष्ट हुनेछन्, त्यसवेला विष्णुले "यश" नामक ब्राह्मणबाट कल्कीका रूपमा जन्म लिनेछन् । विष्णुको यो अवतारका बारेमा कल्कीपुराण भविष्यपुराण, अग्निपुराण आदिमा पनि कल्की अवतारको चर्चा भएको छ । यसप्रकार विष्णुका १० अवतारहरूको प्रयोजन र महत्त्व प्रायशः हिन्दूधर्मग्रन्थहरूमा उपलब्ध छ । हिन्दू अवतारवादको समग्रमा उद्देश्य अधर्म र असत्यको विनाश नै देखापरेको छ । बैष्णव धर्ममा आबद्ध सबै अनुयायीहरूले यस धर्मको व्यापकता र प्रभाव बिस्तार गर्ने अभिप्राय वा अन्य कुनै कारणले पृथ्वीमा कुनै पनि कार्य र कारणका लागि युगौपिच्छे अवतारवादको सिद्धान्त प्रतिपादन गरेर आफ्नो प्रभावको औचित्य पुष्टि गर्ने प्रयास गरेका छन् । यस्तो मनसायलाई विभिन्न वैदिक साहित्यले सहयोग पुर्‍याएको छ । यसर्थ हिन्दू धर्मभित्रको बैष्णव सम्प्रदायको व्यापकता यसको अवतारवादसँग प्रत्यक्ष रूपमा गाँसिएर आएको छ । करूणा, भक्ति, माया, जगत, परमात्माजस्ता अनुभूतियुक्त प्रकृतिहरूसँग सम्बन्धित दर्शनमा आधारित यस धर्मका सबै अवतारहरू यिनै तत्त्वहरूसँग एकाकार भएर आएका छन् । अवस्था र आवश्यकताअनुसार विष्णुले हरेक युगमा अलगअलग रूप धारण गरेर आफ्नो कार्य गर्ने मान्यतामा आधारित अवतारवादका कारणले यस धर्म र यसका पात्रहरूलाई हरेक युगमा पूजाआराधना गर्नुपर्ने अवस्थाको सिर्जना गरेको छ । खराब प्रकृति र पात्रलाई संहार गरेर लोकको रक्षाका निमित विष्णुले अवतार लिएर आफ्नो कार्य गर्दछन् भन्ने विश्लेषणमा आधारित रहेर सोहीबमोजिमको साहित्य र ग्रन्थहरूको रचनाले यो धर्मलाई लोकप्रिय बनाई जनस्तरसम्म व्यापक बनाएको छ । धर्मधारण गर्न वा यसका कर्मकाण्ड पालना गर्न पनि विशेष हाउभाव र प्रदर्शनयुक्त व्यवहार त्यति धेरै गर्नु नपर्ने, मात्र भक्तिभावपूर्ण व्यवहायुक्त भएर साधारण पूजा आराधना मात्र गर्नुपर्ने कारणले पनि यो धर्मसम्प्रदायलाई लोकप्रियताको शिखरमा पुर्‍याएको अनुमान गर्नसकिन्छ । विष्णुको अवस्था वा भूमिकालाई सर्वोच्च स्थान प्रदान गर्न पनि अवतारवादको परिकल्पना गरिएको हो । जताततै जहिले पनि उपलब्ध हुने र आफ्नो कार्यसिद्धि गर्न सफल छन् भनी प्रचारित गर्नाले विष्णुको सर्वोच्चता र अपरिहार्यता सिद्धि गर्ने प्रयासको पुष्टि गरेको छ । लोककल्याणका लागि गर्ने सबै कार्य गर्न सक्षम र सामथ्र्यवान् पात्रको रूपमा विष्णुलाई प्रस्तुत गर्नु यस धर्मको प्रमुख विशेषता बनेको छ ।

## निष्कर्ष

व्युत्पत्तिगत दृष्टिले "अवतार" शब्द "अवतरण" बाट बनेको हुनाले पनि अवतार शब्दको सिधा अर्थ आउनु भन्ने हुन्छ । पृथ्वी लोकमा कुनै अप्ठ्यारो र अप्रिय परिस्थिति उत्पन्न भएको अवस्थामा त्यसको निराकरणका लागि स्वर्गबाट पृथ्वीतिर अवतरण भएको बुझाउनका लागि पनि अवतार प्रक्रिया प्रचलित र स्थापित भएको मानिन्छ । प्रसिद्ध ग्रन्थ ऋग्वेदमा नै विष्णुका अवतारहरूको स्पष्ट वर्णन त पाइए पनि पछिका वैदिक साहित्यले विष्णुका विभिन्न अवतारहरूको चर्चा गरे पनि विष्णुको "बराह" रूपको सङ्केत भने ऋग्वेदमा नै पाइन्छ । ऋग्वेदपछिका ग्रन्थहरू मध्ये सतपथ ब्राम्हणले प्रलयको कथासँगै विष्णुको मत्स्य अवतारको उल्लेख गरेको छ । ब्राम्हण ग्रन्थहरूमा प्रजापतिले "कुर्म" अवतार लिएको उल्लेख गरेको छ । तैत्तेरीय संहितामा अवतारका सम्बन्धमा विस्तृत विवरण पाइन्छ । विष्णुका अवतारसम्बन्धी उल्लेख र परिचर्चा विशेष रूपमा महाकाव्यकालमा (इशापूर्व ५००) आएर भयो । यसकालको महत्त्वपूर्ण वाक्य महाभारतको नारायणीय खण्डमा आरम्भमा छ । यस कृतिले अवतारहरूको (बराह, नृसिंह, वामन, भृगुवंशीराम, दशरथवंशीराम र वासुदेवकृष्ण) उल्लेख गरेको छ । महाभारतकै अर्को प्रसङ्गमा फेरि विष्णुका १० अवतारहरूको चर्चा पाइन्छ । यसैकालको प्रसिद्ध ग्रन्थ भगवत्गीताको चौथो अध्यायमा भने विष्णु अवतारसम्बन्धी बिस्तृत चर्चा पाइन्छ । यसमा भगवान कृष्ण स्वयम्ले आफू अवतरित भएको कुरा उल्लेख गरेको छ । विष्णुको अवतारहरूको सङ्ख्यामा एकरूपता नदेखिए पनि मुख्यमुख्य ग्रन्थहरूले विष्णुका दश अवतारको उल्लेख गरेका छन् । मुख्यतः बिष्णुका अवतारहरूको उल्लेख गर्ने ग्रन्थहरूमा पुराणहरू पर्दछन् । हरिवंश पुराणमा विष्णुका छ अवतारहरूको, वायुपुराणमा १२ अवतारहरूको, बराहपुराणमा १० अवतारहरूको, अग्निपुराणमा १० अवतारहरूको, भागवत् पुराणमा एक प्रसङ्गमा २२ र अर्को प्रसङ्गमा १६ अवतारहरूको वर्णन परेको छ । विष्णुका अवतारहरूको सङ्ख्या बेग्लाबेग्लै ग्रन्थमा फरक–फरक बताए पनि हिन्दू समाजमा प्रचलित र स्थापित सङ्ख्या १० रहेको छ । हिन्दूसंस्कृतिको व्यापक आवरणमा बैष्णव धर्मले भगवान् बिष्णुका दश अवतारलाई नै वास्तविक अवतार मान्ने भाष्य श्रुतिकालदेखि कलात्मक साहित्यसम्म पनि बिस्तार गरेका कारण यी दश अवतार नै अवतारवादका रूपमा स्थापित भएका हुन् । दश अवतारहरूको विशेष चर्चा उल्लेख गर्ने पुराणहरूमा बराह, अग्नि र मत्स्यपुराण उल्लेअनीय छन् । मत्स्यपुराणमा उल्लेखित विवरण अनुसार हालसम्म बिष्णुका नौ (९) अवतार – "मत्स्य", "कुर्म", "बराह", "नृसिंह" "वामन" "परशुराम" "राम", "कृष्ण" "बुद्ध" अवतार भइसके भने अब "कल्की" अवतार हुन बाँकी रहेको छ । यसै गरी हिन्दू धर्मशास्त्रहरूले विश्वको रचनालाई चारयुगमा बाँडेका छन् – सत्य, त्रेता, द्वापर र काल । बैष्णवधर्मले यी चारै युगमा विष्णुले विभिन्न रूपहरू लिएको भनी वर्गीकरण गरेको छ । प्रत्येक युगमा भगवान विष्णुको अनेक रूपमा पृथ्वीमा अवतरण हुन्छ भन्ने विश्वास यस मतका अनुयायीहरूको छ । समग्र हिन्दूधर्मभित्र वैष्णवमार्गीहरूले आफूलाई सर्वोच्य देखाउन वा सिद्ध गर्न विष्णुको अवस्था वा भूमिकालाई उच्चस्थान प्रदान गर्न पनि अवतारवादको परिकल्पना गरेका हुन् । सृष्टिका प्रत्येक युगमा उपलब्ध हुने र आफ्नो कार्यसिद्धि गर्न सफल धनी प्रचार गर्नाले विष्णुको सर्वोच्चता र अपरिहार्यता सिद्ध गर्ने पुष्टिमा बैष्णव धर्म र यसद्वारा निर्देशित भाष्यले कुनै कसर राखेका छैनन् । लोककल्याणका लागि गर्नुपर्ने सबै कार्य गर्न सामथ्र्यवान् पात्रका रूपमा विष्णुका अवचारको परिकल्पना गरेर विष्णुको अपरिहार्यता सिद्ध गर्न खोज्ने अवतारवादको अवधारणा ल्याइएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, अनिल (२०७४). 'टक्सारक्षेत्रका संस्कृति र लोकसाहित्यको अन्तर्सम्बन्धको विवेचना'. सहयात्रा, पूर्णाङ्क १(१), पृ. १–२१ ।

ओमप्रकाश (सन् १९७१). प्राचीन भारतका इतिहास, विकास पब्लिसिङ् हाउस प्रा.लि. ।

क्षेत्री, गणेश, र खतिवडा, सोमप्रसाद (२०५४). हिन्दू धर्म र समाज, शिवा प्रकाशन ।

खतिवडा, सोमप्रसाद (२०७६). नेपाली संस्कृति विश्वकोश, जनता प्रशारण तथा प्रकाशन लि. ।

दवाडी, दुर्गाप्रसाद (२०७६). वैदिक स्कृतिमा राष्ट्रवाद, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

दाहाल, पेशल (२०५८). नेपालको इतिहास र संस्कृति,एम.के. पब्लिसर्स ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५८). नेपाली समाज र संस्कृतिको परिचय, एम.के. पब्लिसर्स ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५८). नेपाली समाज र संस्कृतिको परिचय, एम.के. पब्लिसर्स ।

बराल, बासु (२०५०). हिन्दू सामाजिक संगठनको प्रारूप, साझा प्रकाशन ।

मिश्र, जयशंकर (सन् २००१). प्राचीन भारतका सामाजिक इतिहास, बिहार हिन्दी ग्रन्थ अकादमी ।

रेग्मी, ऋषिकेशराज (२०३५). एक श्रोत तीन धारा, साझा प्रकाशन ।

Bhatia. V. K. (2008). 'Towards critical genre analysis'.*In Advanced in discourse studies*. (Edt.). V. K. Bhatia, John Flowerdew Rodney H. Jones, Routledge, pp 166-177.

Bhatia. V. K., John Flowerdew Rodney H. Jones (2008). 'Apporaches to discourse analysis'. In Advanced in discourse studies.(Edt.). V. K. Bhatia, John Flowerdew Rodney H. Jones, Routledge, pp 1-18.https://doi.org/10.4324/9780203892299